नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४ - १०
चलानी नं. : ६

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ति

नेपाल सरकार अर्थ मन्त्रालय माननीय मन्त्रीस्तरको मिति २०७३/०४/०५ गतेको निर्णयानुसार धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को अनुसूची-१४ मा भएको संशोधन बमोजिम व्यवस्था गर्न नेपाल धितोपत्र बोर्डबाट निर्देशन भएअनुसार मिति २०७३/०४/०९ गते आईतबारदेखि लागू हुने गरी यस लि. को प्रणालीमा देहाय बमोजिमको संशोधित धितोपत्र दलाली शुल्कको व्यवस्था मिलाइएको व्यहोरा सम्पूर्ण सरोकारवालाहरुलाई यसै प्रेस विज्ञप्ति मार्फत जानकारी गराईन्छ ।

लगानीकर्ताहरुको हितलाई मध्येनजर गरी चालिएको यस सकारात्मक कदमले पूँजी बजारको विकास तथा लगानीकर्ताहरुको पूँजी बजार प्रतिको विश्वासमा थप प्रोत्साहन मिल्नेछ भन्ने बारेमा यस लि. पूर्ण विश्वस्त रहेको छ ।

### तपशिल

### अनुसूची–१४
### (नियम ३२ को उपनियम (१) संग सम्बन्धित)
### धितोपत्र दलाली वापत लिन सक्ने सेवा शुल्क

१. संगठित संस्थाको शेयरको प्रत्येक खरिद तथा बिक्री कारोबारमा धितोपत्र दलाली बापत लिन पाउने सेवा शुल्क :

| | |
|---|---|
| (क) रु.५०,०००।- सम्मको कारोबारमा | - ०.६० प्रतिशत |
| (ख) रु.५०,०००।- भन्दा माथि रु.५,००,०००।- सम्मको कारोबारमा | - ०.५५ प्रतिशत |
| (ग) रु.५,००,०००।- भन्दा माथि रु.२०,००,०००।- सम्मको कारोबारमा | - ०.५० प्रतिशत |
| (घ) रु.२०,००,०००।- भन्दा माथि रु.१,००,००,०००।- सम्मको कारोबारमा | - ०.४५ प्रतिशत |
| (ङ) रु.१,००,००,०००।- भन्दा माथि जतिसुकैको कारोबारमा | - ०.४० प्रतिशत |

२. नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्रको खरीद बिक्री कारोबारमा धितोपत्र दलाली बापत लिन पाउने सेवा शुल्क:

| | |
|---|---|
| (क) रु.५,००,०००।- सम्मको कारोबारमा | - ०.२० प्रतिशत |
| (ख) रु.५,००,०००।- भन्दा माथि रु.५०,००,०००।- सम्मको कारोबारमा | - ०.१० प्रतिशत |
| (ग) रु.५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोबारमा | - ०.०५ प्रतिशत |

३. माथि क्र.सं. १ र २ मा उल्लेखित धितोपत्र बाहेक अन्य धितोपत्रको हकमा धितोपत्र दलाली बापत लिन पाउने सेवा शुल्क:

| | |
|---|---|
| (क) रु.५,००,०००।- सम्मको कारोबारमा | - ०.३० प्रतिशत |

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

पत्र संख्या : २०७३/७४ ~ १७

चलानी नं. : ६

(ख) रु.५,००,०००।- भन्दा माथि रु.५०,००,०००।- सम्मको कारोबारमा - ०.२५ प्रतिशत

(ग) रु.५०,००,०००।- भन्दा माथि जतिसुकैको कारोबारमा - ०.२० प्रतिशत

४. माथि क्रम संख्या १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि धितोपत्र दलालले ग्राहकबाट पाउने सेवा शुल्क रु. २५।- भन्दा घटी हुने छैन ।

५. प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र उक्त आर्थिक वर्षमा धितोपत्र दलालले क्रम संख्या १, २, ३ र ४ बमोजिम प्राप्त गरेको कूल सेवा शुल्कको शून्य दशमलव छ प्रतिशत रकम नियमन शुल्कको रुपमा बोर्डमा बुझाउनु पर्नेछ ।

६. धितोपत्र दलालले कारोबार सेवा प्रदान गरे बापत यस अनुसूचीमा उल्लेखित सेवा शुल्क बाहेक अतिरिक्त रकम ग्राहकबाट लिन सक्ने छैन ।

मिति : २०७३/०४/०७

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com